# लैङ्गिक परीक्षण कार्यविधि, २०८०

**<u>प्रस्तावनाः</u>** लैङ्गिक सम्पर्क व्यक्तिको माध्यमबाट नेपाल सरकारका मन्त्रालयको नीतिगत, संस्थागत तथा बजेट र कार्यक्रमको कार्यान्वयनको अवस्थाका सम्बन्धमा लैङ्गिक परीक्षण गर्ने कार्यलाई सरल, सहज र व्यवस्थित बनाउन बाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "लैङ्गिक परीक्षण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "महिला मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-१ मा उल्लेख भए बमोजिमका मन्त्रालय सम्झनु पर्छ।

(ग) "लैङ्गिक परीक्षण" भन्नाले मन्त्रालयको आफ्नो नीति, योजना, बजेट तथा कार्यक्रम, सेवाका प्रावधान, संरचना र प्रक्रिया सहित सङ्गठनमा लैङ्गिक समानताको संस्थागत अवस्थाबारे मूल्याङ्कन तथा परीक्षण गर्ने विधि तथा प्रक्रिया सम्झनु पर्छ।

(घ) "लैङ्गिक सम्पर्क व्यक्ति" लैङ्गिक सम्पर्क व्यक्तिको रुपमा काम गर्ने गरी मन्त्रालयले तोकेका व्यक्ति सम्झनु पर्छ।

३. **<u>लैङ्गिक परीक्षण गरिनेः</u>** (१) महिला मन्त्रालयले लैङ्गिक सम्पर्क व्यक्तिको सहयोगमा मन्त्रालयको लैङ्गिक परीक्षण गर्नेछ।

(२) मन्त्रालयको लैङ्गिक परीक्षण गर्न महिला मन्त्रालयले सम्बन्धित मन्त्रालयको लैङ्गिक विषयवस्तुको लागि जिम्मेवार महाशाखा/ शाखा/एकाइ तथा लैङ्गिक सम्पर्क व्यक्ति सहित बढीमा पाँच जनासम्म सदस्य रहेको कार्यदल गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यदलले लैङ्गिक परीक्षणको काममा आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञको सहयोग लिन सक्नेछ।

MoWCSC

(४) उपदफा (२) बमोजिम गठन भएको कार्यदलले लैङ्गिक परीक्षणका लागि सूचना तथा सन्दर्भ सामाग्री संकलन गरी लैङ्गिक परीक्षण प्रतिवेदन तयार गर्नेछ।

४. **<u>लैङ्गिक परीक्षण गरिने बिषयः</u>** मन्त्रालयसँग सम्बन्धित देहायका बिषयमा लैङ्गिक परीक्षण गरिनेछः-

(१) **<u>नीतिगत तथा कानूनी व्यवस्थाः</u>**

(क) मन्त्रालयसँग सम्बन्धित नीतिगत दस्तावेजमा लैङ्गिक समानता, महिला सशक्तीकरण, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका सवाल समावेश भए, नभएको,

(ख) मन्त्रालयसँग सम्बन्धित नीतिगत दस्तावेजहरूमा अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका सवालहरू समावेश भएको

(ग) कार्यस्थलमा हुने यौनजन्य दुर्वयवहार (निवारण) ऐन, २०७१ बमोजिम मन्त्रालयले कार्यस्थलको प्रकृति अनुसार छुट्टै आचार संहिता बनाई लागू गरे, नगरेको,

(घ) नीतिमा रूपान्तरणकारी र लैङ्गिक असमानताको संरचनात्मक कारणहरूलाई सम्बोधन गर्ने किसिमको प्रावधान भए, नभएको,

(ङ) नीतिमा संरचनात्मक असमानताको कारणबाट अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकले भोग्नुपरेका समस्यालाई सम्बोधन गर्ने किसिमको प्रावधान भए, नभएको

(च) सम्बन्धित मन्त्रालयले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम आफूले सम्पादन गर्ने कार्यमा लैङ्गिकता सम्बन्धी बिषय सम्बोधन गरे, नगरेको,

(छ) राष्ट्रिय तथा क्षेत्रगत नीति तथा ऐन/नियम र योजनाहरुमा लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरण प्रवर्धन गर्ने प्रावधानहरूको समीक्षा ।

(२) **<u>संस्थागत व्यवस्थाः</u>**

(क) सम्बन्धित मन्त्रालयको सङ्गठन संरचनामा लैङ्गिक बिषय हेर्ने महाशाखा, शाखा वा इकाई भए, नभएको वा लैङ्गिक सम्पर्क व्यक्ति तोकिए, नतोकिएको,

(ख) सम्बन्धित मन्त्रालय अन्तर्गतको विभाग/महाशाखा र अन्य एकाइहरूको कार्य र कर्मचारीहरूको कार्यविवरणमा लैङ्गिक जिम्मेवारीहरू समावेश भए, नभएको,

(ग) मन्त्रालयमा रहेका कर्मचारीको संरचना समावेशी भए, नभएको,

(घ) मन्त्रालयमा शिशु स्याहार वा स्तनपान कक्ष भए, नभएको,

MoWCSC

(ङ) मन्त्रालयमा सेनिटरी भेन्डीङ्ग मेशीन र लैङ्गिकताका आधारित शौचालयको व्यवस्था भए, नभएको।

(च) मन्त्रालयका कर्मचारीको नेत्तृत्व तहमा समावेशी सहभागिताको अवस्था,

(३) **<u>कार्यक्रम तथा बजेटः</u>**

(क) कार्यक्रम तथा बजेटमा महिला तथा बालिकाको जीविकोपार्जन, सशक्तीकरण तथा मानव पूँजी निर्माण सम्बन्धी क्रियाकलापका लागि बजेट विनियोजन भए, नभएको,

(ख) कार्यक्रम तथा बजेटमा लिङ्गमा आधारित विभेदजन्य नीतिहरूमा परिवर्तन सम्बन्धी क्रियाकलापहरूका लागि बजेट विनियोजन भए, नभएको,

(ग) कार्यक्रम तथा बजेटमा अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरूलाई प्रभाव पार्ने विभेदजन्य नीतिहरूमा परिवर्तन सम्बन्धी क्रियाकलापहरूका लागि बजेट विनियोजन भए, नभएको,

(घ) लैङ्गिक उत्तरदायी बजेटको अवस्था,

(ङ) लैङ्गिक तथा समावेशीकरणसँग सम्बन्धित क्रियाकलापहरूको समीक्षा ।

(४) **<u>अनुगमन, मूल्याङ्कन, प्रतिवेदन</u>**

(क) अनुगमन सूचकहरूमा लैङ्गिक आयामहरू समावेश भए, नभएको,

(ख) खण्डीकृत तथ्याङ्क उपलब्ध हुने खालको अनुगमन ढाँचाहरू तयार भए, नभएको,

(ग) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक हिंसाका बारेमा विश्लेषणात्मक तथ्यहरू सङ्कलन गरे, नगरिएको,

(घ) लैङ्गिकतासँग सम्बन्धित असल अभ्यासहरू र सिकाइहरूको अभिलेखीकरण गर्ने गरिए, नगरिएको,

(ङ) महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र ज्येष्ठ नागरिकहरूसँग सम्बन्धित खण्डीकृत तथ्याङकको संकलन, विश्लेषण र प्रतिवेदनको समीक्षा गरे, नगरेको।

५. **<u>लैङ्गिक परीक्षण प्रक्रिया:</u>** लैङ्गिक परीक्षण गर्दा देहायका अवलम्वन गरिनेछः-

(क) लैङ्गिक परीक्षणको तयारी,

(ख) सन्दर्भ सामाग्री संकलन तथा विश्लेशण, सान्दर्भिक दस्तावेजहरूको समीक्षा,

(ग) लैङ्गिक परीक्षण प्रतिवेदन मस्यौदा तर्जुमा,

(घ) लैङ्गिक परीक्षण प्रतिवेदनलाई अन्तिम रूप दिने,

(ङ) निष्कर्ष तथा सुझाव।

MoWCSC

६. **<u>लैङ्गिक परीक्षणका कार्यक्षेत्रगत शर्तः</u>** लैङ्गिक परीक्षणको लागि आवश्यक कार्यक्षेत्रगत शर्त अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **<u>कार्यदललाई उद्देश्यका बारेमा अभिमुखीकरणः</u>** (१) महिला मन्त्रालयले लैङ्गिक परीक्षण समूहका सदस्यलाई लैङ्गिक परीक्षणको उद्देश्य, यसको कार्यक्षेत्रगत शर्त र उपलब्ध गराउनुपर्ने सामाग्रीहरूका बारेमा अभिमुखीकरण गरिनेछ ।

८. **<u>लैङ्गिक परीक्षण प्रतिवेदनको ढाँचाः</u>** लैङ्गिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

MoWCSC

## अनुसूची - १
### (दफा ६ सँग सम्बन्धित)
### <u>कार्यक्षेत्रगत शर्तको ढाँचा</u>

**कामको दायरामा देहायका कुराहरू समावेश गरिएका छन् ।**

१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा स्वीकृत लैङ्गिक परीक्षण कार्यविधि,२०८० को अधिनमा रही लैङ्गिक परीक्षण कार्य गर्ने ।

२. लैङ्गिक समानता, लैङ्गिक हिंसा तथा वञ्चितिकरणका सवालहरूलाई कसरी सम्बोधन गरिएको छ भनी जानकारी पाउन नीतिहरू, संस्थागत प्रबन्धहरू, वार्षिक कार्यक्रम तथा बजेट, वार्षिक प्रतिवेदन र अन्य अभिलेखहरूको समीक्षा गर्ने ।

३. लैङ्गिक समानता, महिला सशक्तिकरण तथा लैङ्गिक हिंसा निवारणका लागि भएका प्रयासहरु, लैङ्गिक तथा सामाजिक असमानतालाई सम्बोधन, र लैङ्गिकमैत्री नीति कार्यान्वयन अभिवृद्धि गरिएको कुरा सुनिश्चत गर्ने ।

४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको क्षमतालाई थप सुदृढीकरण गर्नका लागि सुझाव उपलब्ध गराउने ।

**लैङ्गिक परीक्षण कार्यमा देहायका कुराहरू समावेश हुनेछन् ।**

१. कार्यदलको गठन गर्ने ।

२. लैङ्गिक परीक्षणको लागि कार्ययोजना तर्जुमा गर्ने ।

३. असल अभ्यासहरू तथा सिकाइहरूको जानकारीका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लैङ्गिक परीक्षण निर्देशिका र अन्य परीक्षणहरू (भएको भए) को समीक्षा गर्ने ।

४. मन्त्रालय र मन्त्रालयको जिम्मेवारीसँग सम्बन्धित नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, विनियमहरूको समीक्षा गर्ने ।

५. सम्बन्धित मन्त्रालय र अन्य सरकारी निकायका लैङ्गिक/लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिहरू लगायत मुख्य सरोकारवालाहरूसँग परामर्श गर्ने ।

६. लैङ्गिक जिम्मेवारीको अवस्था, कर्मचारी विविधता प्रोफाइल, शिशु स्याहार, स्तनपान र मानवीय शक्ति/कर्मचारी नीति/ सुविधाहरू जस्ता संस्थागत प्रवन्धहरू कत्तिको लैङ्गिक तथा समावेशीकरण संवेदनशील तथा उत्तरदायी छन् भनी परीक्षण गर्ने ।

७. महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको समावेशीकरण तथा मूलप्रवाहीकरणलाई संबोधन भए नभएको मूल्याङ्कन गर्न कार्यक्रम तथा बजेटको समीक्षा गर्ने तथा सुधारका उपायहरू सम्बन्धमा सुझाव प्रदान गर्ने।

MoWCSC

८. सङ्कलित सूचनाहरूको एकीकरण तथा विश्लेषण गर्ने ।
९. लैङ्गिक मूलप्रवाहीकरणका सवल पक्षहरू, कमजोर पक्षहरू र चुनौतिहरू पहिचान गर्ने।
१०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी भएका सबै कार्यहरूमा लैङ्गिक समानता तथा समावेशीकरणलाई थप प्रभावकारी बनाउन पहिचान भएका कमजोरी तथा चुनौतिहरूलाई सम्बोधन गर्ने उपायहरू सुझाव दिने।
११. लैङ्गिक परीक्षणको मस्यौदा प्रतिवेदन तयार गर्ने र उक्त प्रतिवेदनमा छलफल तथा परामर्शबाट प्राप्त पृष्ठपोषण समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने ।
१२. मन्त्रालयलाई लैङ्गिक परीक्षणबाट प्राप्त सुझावहरूको कार्यान्वयनको लागि अनुरोध गर्ने ।

**समयावधि**

लैङ्गिक परीक्षण प्रतिवेदन कार्यदल गठन भएको मितिले बढीमा एक महिना भित्र तयार गर्नुपर्नेछ। यो कार्यका लागि गर्नुपर्ने क्रियाकलापहरू र समयावधि देहायबमोजिम हुनेछ ।

| क्र.सं. | क्रियाकलाप | समयावधि (दिन) |
|---|---|---|
| १ | लैङ्गिक परीक्षण प्रतिवेदन तयारीका लागि अपनाइने पद्धति तथा तौरतरिकाहरू सहितको कार्ययोजना, प्रारम्भिक बैठक | २ |
| २ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लैङ्गिक परीक्षण निर्देशिका तथा लैङ्गिक परीक्षणको समीक्षा | २ |
| ३ | परामर्श, बैठक, समूह केन्द्रीत छलफल | ४ |
| ४ | सूचना एकीकरण तथा विश्लेषण (द्वितियक दस्तावेजको समीक्षा र परामर्शमा प्राप्त सुझाव र दृष्टिकोणको) | ४ |
| ५ | लैङ्गिक परीक्षण प्रतिवेदनको मस्यौदा | ४ |
| ६ | सुझावका लागि मस्यौदा प्रतिवेदन पेश र अन्तिम प्रतिवेदन | ४ |
| | **जम्मा** | २० |

MoWCSC

**अनुसूची - २**

**दफा ८ सँग सम्बन्धित**

**<u>लैङ्गिक परीक्षण प्रतिवेदनको ढाँचा</u>**

१. कार्यकारी सारांश

२. प्रारम्भिक
- २.१ पृष्ठभूमि
- २.२ उद्देश्य
- २.३ लैङ्गिक परीक्षण गरिएको निकायको विवरण
- २.४ लैङ्गिक परीक्षणमा खटिने कर्मचारीको विवरण
- २.५ लैङ्गिक परीक्षण विधि
- २.६ लैङ्गिक परीक्षणका सीमा

३. तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण
- ३.१ तथ्याङ्क प्रस्तुतीकरण
- ३.२ तथ्याङ्क विश्लेषण
- ३.३ लैङ्गिक परीक्षणको नतिजा तथा सोको विश्लेषण
- ३.४ लैङ्गिक परीक्षण मूल्याङ्कन
- ३.५ अन्य आवश्यक विषय तथा सोको विश्लेषण

४. निष्कर्ष

५. सिफारिस

६. अनुसूची

MoWCSC